शुद्धोदन गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मानपकडी, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

प.सं.२०८३/०८४
च.नं. ४०४

मिति:२०८३/०६/२६

श्री वडा कार्यालय (सबै),
शुद्धोदन गाउँपालिका, रुपन्देही ।

विषयः- सिफारिस सम्बन्धमा ।

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालय सिद्धार्थनगर, रुपन्देहीको च.नं. ३१५६ मिति २०८३/०६/२६ गतेको नागरिकता सिफारिस सम्बन्धी पत्रानुसार नेपाल नागरिकता (पाँचौ संशोधन), २०८३ को नियम १६ ग. को खण्ड (ख) अनुसार नागरिकता प्रतिलिपीको सिफारिस गर्नुहुनु अनुरोध छ । साथै जिल्ला प्रशासन कार्यालय सिद्धार्थनगर, रुपन्देहीको पत्रको छायाँकपी यसै पत्र साथ संग्लन गरिएको छ ।

२०८३/६/२६

सुरेश भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
(नागरिकता शाखा)
सिद्धार्थनगर, रुपन्देही

प्र.जि.अ.नं.०७१- ५७०३७०
५७०१५९
५७११५८
५७१०५३
५७३११५
५७२६५८
फ्याक्स नं. ५२०१५८
Email: daorupandehi@gmail.com,
daorupandehi@moha.gov.np

पत्र: संख्या: : ०८३/०८४
च. नं. :- ४९५६

मिति:२०८३/०६/२६

श्री रुपन्देही जिल्ला स्थित स्थानीय तहहरु सबै ।

**विषय: नागरिकता सिफारिस सम्बन्धमा ।**

प्रस्तुत विषयमा नेपाल नागरिकता (पाँचौ संशोधन) नियमावली, २०८३को नियम १६ग. को खण्ड (ख) अनुसार "**नागरिकता प्रमाणपत्रको सक्कल प्रति पेश भएको तर नागरिकताको अभिलेख नभएको अवस्थामा नयाँ नागरिकता प्रमाणपत्र दिंदा अपनाउनु पर्ने सरहको सम्पूरण कार्यविधि पूरा गरी अभिलेखमा पुरानो नागरिकताको अभिलेख फेला नपरेको व्यहोरा उल्लेख गरी नागरिकताको प्रमाणपत्रमा पुरानो नागरिकताको प्रमाणपत्रमा पुरानो नागरिकताको प्रमाणपत्रको नम्बर जनाई प्रतिलिपि जारी गर्ने र पेश भएको सक्कल नागरिकताको प्रमाणपत्र खिच्ने साथै सोही नियमको खण्ड 'ग' मा नागरिकताको प्रमाणपत्रको सक्कल प्रति पेश नभएको र नागरिकताको अभिलेख समेत नभएको अवस्थामा नयाँ नागरिकताको प्रमाणपत्र दिंदा अपनाउनु पर्ने सम्पूर्ण कार्यविधि पूरा गरी प्रतिलिपी जारी गर्ने**" भन्ने व्यवस्था रहेको हुँदा आज मिति २०८३/०६/२६ देखि **CCIMS External Module** मार्फत जलेको/झुत्रो/अभिलेख फेला नपरेको अवस्थामा नयाँ नागरिकताको अनुसूची फाराम नभरी नागरिकताको प्रतिलिपीको सिफारिश मात्र भरी तपसिलमा उल्लेखित कागजातहरु संलग्न राखी पठाईदिनुहुन अनुरोध छ ।

**तपसिल**

-सक्कल नागरिकता
-बाबु/आमा/दाजु-भाई/श्रीमान-श्रीमतीको नागरिकताको प्रतिलिपी
-विवाहदर्ता
-बसाईसराई भएको खण्डमा बसाईसराई प्रमाणपत्र प्रतिलिपी
-शैक्षिकप्रमाणपत्र
-जग्गाधनी पुर्जा/ पानी-बिजुली को बिल
-मतदाता परिचयपत्र/राष्ट्रिय परिचयपत्र/ड्राईभीङ लाईसेन्स

शुद्धोधन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय रुपन्देही
दर्ता नं ८६३
मिति २०८३/६/२६
दस्तखत

विकास श्रेष्ठ
(प्रशासकीय अधिकृत)
विकास श्रेष्ठ
प्रशासकीय अधिकृत